मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्याः२०७७/७८

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

# "मधेशी आयोग को २ वर्ष"

नेपाल को संविधानको धारा २६२ अनुसार गठित यो मधेशी आयोगले संवैधानिक आयोगको पहिचान प्राप्त गरेको छ । संविधान को प्रस्तावना अनुसार मुलुक भित्र रहेका विभिन्न समुदायहरुको उत्थानका लागि समानुपातिक समावेशीकरण को सिद्धान्तलाई अक्षरसः परिपालना गर्नको निमित्त बिभिन्न आयोगहरु गठन भएका छन् जस मध्ये मधेशी आयोग एक महत्वपूर्ण आयोगको रुपमा स्थापित भएको छ । यस आयोगले वर्ग पहिचानका साथै मधेशीको समस्या पहिचान गरी राज्यलाई विभिन्न प्रकारका सिफारिसहरु गर्दै आईरहेको छ । मधेशी समुदायमा अति विपन्न, विपन्न, सम्पन्न र सु-सम्पन्न वर्ग रहेका छन् भने चेतना को कमी, रुपान्तरणमा समस्या, सशक्तिकरण अप्रभावकारिता र राज्य संयन्त्रमा पहुँचको अभाव मधेशमा एउटा जटिल समस्याको रुपमा रहेको छ । यी चुनौतीहरुको सम्बोधन गरी त्यसलाई अवसरमा परिणत गर्ने गहन जिम्मेवारी मधेशी आयोगलाई प्राप्त भएको छ ।

आज संवैधानिक निकायको रुपमा रहेको मधेशी आयोगको अध्यक्षको रुपमा पदबहाली गरेको २ वर्ष पुगेको छ । २०७५ साल चैत्र ७ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष सम्माननीय प्रधानन्यायाधीशज्यू बाट मधेशी आयोगको अध्यक्षको रुपमा सपथ लिई सोही दिन पदबहाली गरी कार्यप्रारम्भ गरी अविचलित, अविरामित, अविक्रमित रुपमा कार्य सुसम्पादन गर्दै आईरहेको छु । यो अवधिमा तराई-मधेश का विभिन्न जिल्लाको अनुगमन तथा निरिक्षण, नेपाल-भारत सिमाका विभिन्न स्थानहरुको स्थलगत अवलोकन तथा अनुगमन, आयोगमा पुस्तकालयको स्थापना , आयोगलाई पूर्ण प्रविधिमैत्री बनाउने, टोल फ्री तथा हेल्पलाइन नम्बर को संचालन, अधिकृतस्तरको लोकसेवा तयारी कक्षा अभिमुखीकरण तथा संचालन, आयोगको लोगो निर्माण, ई-लाइब्रेरी स्थापना, विज्ञहरुको रोस्टर तयार, आयोगको चौमासिक बुलेटिन प्रकाशन, अन्धविश्वास, बालविवाह, दाइजोप्रथा, छुवाछुत जस्ता कुरीति विरुद्ध अभिमुखीकरण कार्यक्रम संचालन, प्रदेश-१ मा मधेशी समुदायको सशक्तिकरणका लागि लोकसेवा तयारी अभिमुखीकरण कक्षा, सर्लाही तथा सिरहा जिल्लामा मधेशी समुदायको हक हित को संरक्षण, सम्बर्धन तथा सशक्तिकरणको लागि अभिमुखीकरण कार्यक्रम, संघीय, प्रदेश तथा स्थानीय सरकार एवम् नागरिक समाज का अगुवाहरुसंग मधेशी समुदाय को हकहित

मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्याः२०७७/७८

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

को संरक्षण, सम्बर्द्धन तथा सशक्तिकरणका लागि नियमित छलफल, ऐतिहासिक ठोरीको धार्मिक एवं पुरातात्विक अध्ययन, एतिहासिक रुपमा महत्वपूर्ण रहेको बिराट राजाको दरबारको पुरातात्विक अध्ययन ,लुम्बिनी र सुदुरपश्चिम प्रदेशका ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको अनुगमन तथा सिफारिस, सर्लाहीको मधुवनगोटमा वि सं १९१४ देखि १९१६ मा नेपाल अंग्रेज युद्ध हुँदा मधेशीको बलिदानीपूर्ण सहभागिता लगायत तराई मधेशका ऐतिहासिक तथ्यको संरक्षणका लागि बाराको जीतपूरमा संग्रहालयको स्थापनामा समन्वय र सहकार्य, बारा र पर्सामा आएको भीषण चक्रवात् तथा आँधीबाट भएको जनधनको हानी नोक्सानीका सम्वन्धमा द्रुत प्रतिक्रिया जनाई आवश्यक सिफारिस, आयोगमा आउने उजुरीको यथाशिघ्र सिफारिस तथा व्यवस्थापन, सम्माननीय राष्ट्रपतिज्यू तथा बिभिन्न प्रदेशका मा.प्रदेश प्रमुखज्यूहरु लाई २ आर्थिक वर्षको वार्षिक प्रतिवेदन पेश गरिएको लगायतका महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । यो २ वर्षमा कैयौं बाधा अडचनहरूलाई पार गर्दै मधेशी समुदायको हक हित लाई संरक्षण, सम्बर्द्धन तथा सशक्तिकरणको लागि म, मेरो निजी सचिवालय परिवार तथा आयोग परिवारबाट अहोरात्र जिम्मेवारीपूर्वक कार्यसम्पादन गरिएको र आगामी दिनमा थप प्रभावकारी जिम्मेवारीका साथ कार्यसम्पादन गरिने समेत सबैमा बिनम्र निवेदन गर्दछु । किसानहरु को समस्या समाधानको लागि पहल, मुसहर वस्तीको अनुगमन, एकल विद्यालय को अनुगमन तथा सहकार्य जस्ता कामहरु यो २ वर्षमा भएका छन् ।

मधेशी समुदायको "थर सूचीकरण" जस्तो महत्वपूर्ण कार्यको समेत शुभारम्भ भएर अगाडी बढिसकेको समेत सबैमा जानकारी गराउदछु । पन्चवर्षीय योजना निर्माण गरी नेपाल सरकारमा पेश गरिएको, उच्चस्तरीय अनुगमन समितिबाट Covid सहितका समस्याहरुका सम्बन्धमा तत्काल समाधान गर्नका लागि नेपाल सरकारमा सिफारिस गरिएको र सो कार्य फलीभूत समेत भएको, तराई-मधेश प्रोफाइल को निर्माण अन्तिम चरणमा रहेको, युवा तथा महिला सशक्तिकरण को लागि बिभिन्न चेतनामूलक कार्यक्रमहरु अग्रसारित गरिएको, २०७८ सालमा सुरु हुने जनगणना त्रुटीरहित बनाउन सम्बन्धित निकायसँग सहकार्य भइरहेको, विभिन्न संवैधानिक आयोगहरु संग कार्यगत एकता स्थापित भएको, नागरिक समाज, वुद्धिजीवी का साथ् सहकार्यमूलक कार्यक्रम हरु अगाडी सारिएको सहितका प्राप्त संवैधानिक दायित्व आयोगले अहोरात्र कार्यसम्पादन गर्दै आएको छ। न्यून बजेट, भौतिक पूर्वाधार तथा स्रोत साधन को

अभाव, जनशक्तिको अभाव जस्ता चुनौतीहरुलाई सामना गर्दै २ वर्ष पूरा गरिएको छ । यस २ वर्षमा सहयोग गर्ने सम्पूर्ण सहयोगी हात हरुलाई हार्दिक धन्यवाद समेत ज्ञापन गर्दछु साथै आगामी दिनहरुमा अझ बढी सहयोगको अपेक्षा समेत गर्दछु ।

डा.विजयकुमार दत्त

अध्यक्ष, मधेशी आयोग

२०७७/१२/०७